# बराहदह सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा.-०९, अर्घाखाँची

पत्र सं.०८१।०८२
च.नं.२४

मिति : २०८२।०१।२८

विषय : काठ दाउरा बिक्रीको सूचना वेभ साइटमा राखि दिने वारे ।

श्री वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका दाङ्ग

श्री वन निर्देशनालय, लुम्बिनी प्रदेश, बुटवल, रुपन्देही

श्री डिभिजन वन कार्यालय, अर्घाखाँची

उपरोक्त विषयमा श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको लिलाम बिक्री सहमति वमोजिम यस सामुदायिक वन उपभोक्ता समूहबाट मिति २०८२।०१।२८ गतेका दिन मेत्रीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार काठ दाउरा लिलाम बिक्री सम्बन्धि शिलबन्दी बोलपत्र आवह्नको लागि समूहले तयार गरेको विस्तृत सूचना तहाँ कार्यालयको वेभसाइटमा राखि दिन हुनका लागि यसै साथ संलग्न राखी पठाइएको ब्यहोरा अनुरोध छ ।

.................................
गोर बहादुर लुम्चे
अध्यक्ष
अध्यक्ष

CamScanner

# बराहदह सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

प.सं. ०८१।०८२
च.नं.

मिति : २०८२।०१।२८

**विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !**

(मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८२।०१।२८)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०८१/०८२ मा सामुदायिक वन क्षेत्रभित्र पर्ने पुनरुत्पादन कटान क्षेत्रमा हटाउनु पर्ने रुखहरुका संकलित तपसिल बमोजिमका गोलिया काठ दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मिति देखि २१ औं दिन सार्वजनिक विदा परेकोले मिति २०८१।०२।१८ गते कार्यालय समय भित्र बोलपत्र खरीद गरी मिति २०८२।०२।१९ गते दिउस ३:०० बजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

१. लिंलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. ३१४४ मिति २०८२।०१।२४ गतेको लिलाम सहमति बमोजिम प्रथम पटक प्रकासित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. १ : आ.व. ०८१।०८२ | आ.व. ०८१।०८२ मा सामुदायिक वनको पुनरुत्पादन कटान क्षेत्रबाट उत्पादन भएका काठ दाउरा | साल | B | ७ | ५६.८५ | ९०० | ५११६४।१ | १४३५०७ | |
| | | | C | ११४ | ४४९.७५ | ६०० | २६९८५२ | | |
| | | | D | ७ | १५.४२ | ३०० | ४६२६।५६ | | |
| | | असना | A | १ | १०.७० | ४०० | ४२८० | | |
| | | | B | ४ | २४.८८ | ३०० | ७४६४ | | |
| | | | C | ३१ | १२०.५७ | १०० | १२०५७ | | |
| | | खोटेसल्ला | B | १० | ६९.३७ | १५० | १०४०५।५ | | |
| | | खयर | N | १३ | १४.२७ | १००० | १४२७० | | |
| | | सादन | N | २ | १३.६० | ३०० | ४०८० | | |
| | | साल दाउरा | | | २.५० | १२००० | ३०००० | ८७५०० | |
| | | अन्य दाउरा | | | २.५० | ४००० | १०००० | | |
| जम्मा | | | | | | | ४१८१९९ | २३१००७ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति : २०८२/०२/१८ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति : २०८२/०२/१९ गते दिउसो ३.०० बजेसम्म

३. बोलपत्र फर्म डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट रु. १,०००।- (फिर्ता नहुने गरी) रकम तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

अध्यक्ष

# बराहदह सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको रा. वा. बैंक लि., सन्धिखर्क शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१००००२६८९००१ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।०२।२१ गते दिउसको १:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ। स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

१०.शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र वोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन।

११. वोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी वराहदह सा.व.उ.स.को काठ दाउरा लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनु पर्ने छ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ।

१३. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ।

१४.उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ

१५.यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

अध्यक्ष

इति सम्वत् २०८२ साल वैशाख महिनाको २८ गते रोज ०१ मा शुभम् ............................।